एकच्छ र एकतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चर्चित गायिका धलिना चौहान पछिल्लो समय गायनसँगै व्यवसाय र सामाजिक विषयमा आफ्ना धारणा सार्वजनिक गर्दै सक्रिय देखिएकी छन् । धलिना नेपाली सांगीतिक क्षेत्रमा "घोकेबाज" लगायतका लोकप्रिय गीतबाट परिचित छिन् । गायनसँगै उद्यमशीलतामा समेत आफ्नो पहिचान विस्तार गर्ने प्रयासमा रहेकी उनी पछिल्लो समय विभिन्न सामाजिक विषयमा स्पष्ट धारणा राख्ने कलाकारका रूपमा पनि चर्चामा छिन् ।

आजको विचार...



हुलाक...
(दुई पेजमा)

कपिल लोहनी



बलिउड अभिनेता आमिर खान पछिल्लो समय आफ्नो आगामी चलचित्र "ललकारा" को तयारीमा व्यस्त छन्। निर्देशक आशुतोष गोवारिकरको निर्देशनमा बन्न लागेको उक्त चलचित्रमा उनले भारतीय क्रिकेटका पूर्वकप्तान लाला अमरनाथको भूमिका निर्वाह गर्ने भएका छन्। सन् १९५२ मा भारत र पाकिस्तानबीच भएको ऐतिहासिक टेस्ट क्रिकेट शृङ्खलामा आधारित चलचित्रका लागि आमिरले क्रिकेट प्रशिक्षण सुरु गरेका छन्।

❐ वर्ष ३२ ❐ अंक १२२ ❐ २०८३ मंसिर १३ गते आइतबार 29 November 2026, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

संक्षिप्त समाचार

डुङ्गामा १४ जनाको शव फेला

एजेन्सी

स्पेन, मंसिर १२/ स्पेनको क्यानरी टापुनजिक आप्रवासी बोकेको डुङ्गाबाट १४ जनाको शव फेला परेको छ। डुङ्गामा करिब १०० जना सवार रहेको र उद्धारपछि मृतकको संख्या पुष्टि भएको समाचार एजेन्सी रोयटर्सले जनाएको छस्पेनको समुद्री उद्धार सेवाले यसअघि डुङ्गामा ८ देखि १० जनाको शव फेला परेको र गम्भीर अवस्थामा रहेका ६ जनालाई हेलिकप्टरमार्फत अस्पताल लगिएको जनाएको थियो। उक्त डुङ्गा एल हिएरो टापुको दक्षिणतर्फ ३९ समुद्री माइल (करिब ७२ किलोमिटर) दूरीमा फेला परेको थियो। त्यसलाई ला एस्टाका बन्दरगाहसम्म तानेर लगिँदै थियो। यसैबिच, अर्को डुङ्गाबाट ८४ जना जीवित आप्रवासी ला रेस्टिङ्गा बन्दरगाहमा ओर्लिएका थिए । त्यहाँ आप्रवासीका लागि स्वागत केन्द्र तथा अस्थायी अस्पतालसमेत सञ्चालनमा छन्।क्यानरी टापुमा आप्रवासीको आगमन पछिल्लो समय तीव्र बनेको छ। नोभेम्बर २५ मा एकै दिन २ हजार १०० जना आप्रवासी आइपुगेका थिए, जुन एक दिनमा भएको अहिलेसम्मकै उच्च आगमन हो ।

'कानुन निर्माण र कार्यान्वयनमा इमानदारी भए देश समृद्ध बन्न धेरै समय लाग्दैन'

हाम्रा संवाददाता

पाल्पा, मङ्सिर १२ / प्रतिनिधिसभाका सभामुख डोलप्रसाद (डीपी) अर्यालले कानुन निर्माण गर्ने र त्यसको कार्यान्वयन गर्ने निकाय जिम्मेवार तथा इमानदार भए देशलाई समृद्ध बनाउन धेरै समय नलाग्ने बताएका छन् । शनिबार तानसेनको दमकडामा आयोजित लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ पी नेपालको दोस्रो क्याबिनेट बैठकलाई सम्बोधन गर्दै उनले मुलुकको विकास र समृद्धिका लागि कानुनी शासन, जिम्मेवार निकाय र इमानदार कार्यशैली आवश्यक रहेको बताए ।



उनले सरकारका कामकारबाहीबारे विभिन्न कोणबाट प्रश्न उठ्नु स्वाभाविक भए पनि सरकारले कानुनी विधि र प्रक्रिया पूरा गरेर मात्रै निर्णय गर्ने गरेको स्पष्ट पारे । सभामुख अर्यालले संघीयता कार्यान्वयनका क्रममा देखिएका कानुनी तथा व्यावहारिक जटिलता समाधान गर्न कानुन संशोधनको काम अघि बढाइएको जानकारी दिए । समय र नागरिकको आवश्यकता अनुसार पुराना कानुन परिमार्जन गर्ने तथा संविधानअनुसार बन्न बाँकी कानुन निर्माण गर्नु अहिलेको प्रमुख दायित्व भएको उनको भनाइ थियो ।उनले नेपालको भौगोलिक अवस्था, नागरिकको आवश्यकता, चेतनाको स्तर र प्रविधिको विकासलाई ध्यानमा राखेर कानुन बनाउनुपर्नेमा जोड दिए । स्थानीय तहलाई सहज रूपमा काम गर्न र नागरिकलाई प्रभावकारी सेवा प्रवाह गर्न आवश्यक कानुन निर्माणमा आफू प्रतिबद्ध रहेको उल्लेख गर्दै उनले भूगोल सुहाउँदो र प्रविधिमैत्री कानुन निर्माणमा निरन्तर लाग्ने बताए । सभामुख अर्यालले प्रतिनिधिसभा र राष्ट्रिय सभालाई डिजिटल प्रणालीमा जोड्ने काम भइरहेको जानकारी दिँदै यसले संसदीय गतिविधिमा पारदर्शिता र जनप्रतिनिधिको जवाफदेहिता बढाउने विश्वास व्यक्त गरे । डिजिटल पार्लियामेन्ट प्रणाली लागू भएपछि नागरिकले आफ्नो निर्वाचन क्षेत्रका सांसद संसद् बैठकमा कति पटक उपस्थित भए भन्ने विवरण मोबाइलबाटै हेर्न सक्ने उनले बताए । आगामी दिनमा सांसद सदनमा प्रवेश गरेको र बाहिरिएको समयसमेत सार्वजनिक गर्ने तयारी रहेको उनको भनाइ थियो । उनले वैधिय व्यवस्थामा तीन तहका सरकार रहेकाले नागरिक पनि आफ्नो अधिकार र जनप्रतिनिधिको कामप्रति सचेत हुनुपर्ने बताए । जनताले विश्वास गरेर जिम्मेवारी दिएका प्रतिनिधि जनताप्रति जवाफदेही हुनुपर्ने उल्लेख गर्दै उनले सरकारका कामको मूल्याङ्कन पनि कानुनी विधि र वास्तविक उपलब्धिका आधारमा गर्नुपर्ने धारणा राखे ।

'स्थानीय तहका असल अभ्यास अनुकरण गरौं'



पाल्पा, मङ्सिर १२/ लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले स्थानीय तहले गरेका सफल काम र असल अभ्यासलाई अन्य पालिकाले पनि अनुसरण गर्न सके सेवा प्रवाह र सुशासन प्रभावकारी बन्ने बताएका छन् ।

तानसेन नगरपालिकाको आयोजना तथा एशिया फाउण्डेशनको सहयोगमा शनिबारदेखि तानसेनमा सुरु भएको अन्तरपालिका सिकाइ आदान-प्रदान कार्यक्रममा बोल्दै उनले स्थानीय तहबीच अनुभव साटासाट र आपसी सिकाइको संस्कृतिलाई बढावा दिनुपर्नेमा जोड दिए । मुख्यमन्त्री आचार्यले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय तथा सहकार्य बलियो नभएसम्म नागरिकले अपेक्षा गरेअनुसारको सेवा दिन कठिन हुने उल्लेख गर्दै तीनै तहका सरकारबीच साझा समझदारी र सहकार्य आवश्यक रहेको बताए ।

मङ्सिर १२ र १३ गतेसम्म सञ्चालन हुने कार्यक्रममा दमक, मिथिला, भीमेश्वर, वालिङ, गल्याङ, तानसेन, टीकापुर र भजनी नगरपालिकाका प्रतिनिधिहरू सहभागी छन् । कार्यक्रममा विभिन्न पालिकाका सफल अभ्यास, उपलब्धि र स्थानीय सरकारबीचको सहकार्यका विषयमा अनुभव आदान-प्रदान भइरहेको छ ।

पाल्पा उद्योग वाणिज्य संघले मनायो ६० औं स्थापना दिवस

पाल्पा, मंसिर १२/ जिल्लाका उद्योगी तथा व्यवसायीहरुको छाता संस्था पाल्पा उद्योग वाणिज्य संघले आफ्नो ६०औं स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ । संघले स्थापना दिवस समारोहमा रक्तदान, अग्रज व्यवसायी सम्मान, स्मारिका विमोचन तथा संघको ऐतिहासिक यात्रा र गतिविधि समेटिएको भिडियो डकुमेन्ट्री प्रदर्शन गरी स्थापना दिवस मनाएको हो ।



संघले छ दशकको यात्रालाई स्मरण गर्दै संस्थागत योगदान र व्यावसायिक क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने व्यक्तिहरूलाई सम्मानसमेत गरेको छ । कार्यक्रममा लामो समयदेखि पाल्पामा व्यवसाय गर्दै आएका अग्रज व्यवसायी केदारलाल श्रेष्ठ, सन्तलाल बज्राचार्य, ज्ञानुकुमार बज्राचार्य र बलराम प्रधानलाई सम्मान गरिएको संघका अध्यक्ष समिरमान सिंहले जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथि प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले आम नागरिकको हितमा संघले विगतदेखि गर्दै आएका काम प्रशंसनीय रहेको बताए । उनले व्यवसाय प्रवर्द्धन, सुरक्षित व्यावसायिक वातावरण निर्माण र बजार अनुगमनलाई प्रभावकारी बनाउन निजी क्षेत्र तथा सरकारी निकायबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे । कार्यक्रममा निवर्तमान अध्यक्ष शैलेन्द्र भट्टराई, पूर्वअध्यक्ष राजु महर्जन, नेपाल नेत्रज्योति संघ पाल्पाका अध्यक्ष बुद्धिप्रसाद शर्मा र सम्मानित व्यवसायी केदारलाल श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्दै पाल्पाको समग्र विकासका लागि व्यावसायिक एकता र सहकार्यलाई प्राथमिकता दिनुपर्ने धारणा राखे । स्थापना दिवसकै अवसरमा संघका विगतका गतिविधि, उपलब्धि र संस्थागत विकासका विभिन्न पक्ष समेटिएको भिडियो डकुमेन्ट्री प्रदर्शन गरिएको थियो । साथै संघका गतिविधि, अनुभव तथा विभिन्न लेखरचना समावेश गरिएको स्मारिका पनि सार्वजनिक गरिएको संघका सचिव सुरेश गोदारले जानकारी दिए ।संघका अध्यक्ष समिरमान सिंहको अध्यक्षता, सचिव सुरेश गोदारको सञ्चालन र उपाध्यक्ष रञ्जना अर्यालको धन्यवाद ज्ञापनमा कार्यक्रम भएको थियो ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

सम्पादकीय

स्थानीय निर्वाचनमा साझा प्रतिबद्धता आवश्यक

स्थानीय तह लोकतन्त्रको जग हो । नागरिकका दैनिक आवश्यकता, विकास निर्माण, सार्वजनिक सेवा प्रवाह र सुशासनसँग प्रत्यक्ष जोडिएको सरकार स्थानीय सरकार नै हो । त्यसैले स्थानीय निर्वाचन केवल जनप्रतिनिधि चयन गर्ने प्रक्रिया मात्र होइन, आफ्नो गाउँ, नगर र समुदायको भविष्य तय गर्ने महत्वपूर्ण अवसर पनि हो । यति बेला स्थानीय तहको आगामी निर्वाचनलाई लिएर राजनीतिक दलहरुमा चहलपहल सुरू भएको छ। सरकारले निर्वाचनको मिति औपचारिकरुपमा घोषणा गरिनसके पनि प्रमुख राजनीतिक दलहरु आफ्नो साङ्गठनिक अवस्था सुदृढ गर्ने, जनतासँगको सम्बन्ध विस्तार गर्ने र चुनावी रणनीति निर्माण गर्ने काममा जुटेका छन् । निर्वाचनका समयमा राजनीतिक दल र उम्मेदवारबीच स्वस्थ प्रतिस्पर्धा हुनु स्वाभाविक भए पनि स्थानीय विकास र नागरिक हितका सवालमा भने साझा प्रतिबद्धता आवश्यक छ।

स्थानीय निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दल तथा सम्भावित उम्मेदवारहरूले आ-आफ्ना एजेन्डा र प्रतिबद्धता सार्वजनिक गर्ने क्रम सुरु हुन्छ । सडक, खानेपानी, शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पर्यटन, पूर्वाधार विकास र सामाजिक सुरक्षाका विषय सबैका साझा सरोकार हुन् । यस्ता आधारभूत आवश्यकतालाई कुनै एउटा दल वा व्यक्तिको मात्रै एजेन्डा बनाउनु हुँदैन । स्थानीय तहको समग्र विकासका लागि राजनीतिक आस्था र दलगत स्वार्थभन्दा माथि उठेर साझा दृष्टिकोण निर्माण गर्नुपर्छ । निर्वाचनमा गरिने प्रतिबद्धता केवल मतदाता आकर्षित गर्ने माध्यम बन्नु हुँदैन । विगतका निर्वाचनमा पनि अनेकौँ आश्वासन र घोषणापत्र सार्वजनिक भए । तर कतिपय प्रतिबद्धता कार्यान्वयन हुन नसक्दा नागरिकमा निराशा बढेको छ । त्यसैले यसपटक दल र उम्मेदवारले पूरा गर्न सकिने, स्थानीय आवश्यकता र स्रोतसाधनअनुसारका योजनालाई प्राथमिकता दिनुपर्छ । लोकप्रियताका लागि असम्भव आश्वासन बाँड्नेभन्दा जनताको वास्तविक समस्या पहिचान गरी समाधानको स्पष्ट खाका प्रस्तुत गर्नु आवश्यक छ । स्थानीय विकासमा राजनीतिक सहमति र सहकार्यको ठूलो महत्व हुन्छ । निर्वाचनमा फरक-फरक विचार र दलबाट प्रतिस्पर्धा गरे पनि निर्वाचित भएपछि सबै जनप्रतिनिधि साझा जिम्मेवारीमा बाँधिएका हुन्छन् । विकासका योजना छनोट, बजेट विनियोजन, सार्वजनिक सम्पत्तिको संरक्षण र सेवा प्रवाहमा दलगत आग्रह राख्नु हुँदैन । बहुमत र अल्पमतको राजनीतिक अभ्यासलाई स्वीकार गर्दै नागरिकको हितमा आवश्यक विषयमा सहमति र सहकार्यको संस्कार विकास गर्नुपर्छ । यसले स्थानीय सरकारलाई प्रभावकारी, जवाफदेही र जनउत्तरदायी बनाउन सहयोग पुऱ्याउँछ। त्यसैले स्थानीय निर्वाचनलाई केवल सत्ता र पद प्राप्तिको माध्यम नबनाई साझा विकासको आधार बनाऔँ ।

Opinion @ Social Network

प्रकृतिको काखमा सनातन संस्कृतिको सुगन्ध बोकेर उभिँदा,
वस्त्रले शरीर मात्र होइन, आस्थाले आत्मालाई पनि अलङ्कृत गर्छ ।
(कुसुम गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Kusum.Gaha)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईंसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईंहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईंका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

नवजनचेतना दैनिक
भगवतीटोल तानसेन, पाल्पा

हुलाक सेवाको विगत र वर्तमान



कपिल लोहनी

समयचक्रसँगै कुनै पनि उद्यम, व्यवसाय वा सेवाले आफूलाई परिमार्जित गर्दै लग्न सकेन भने त्यस्तो उद्यम, व्यवसाय वा सेवा विस्तारै धराशायी हुँदै जान्छ। कुनैबेला टाइपराइटर बनाउने उद्योग, सो मेसिनको व्यापार गर्ने व्यवसाय र सोको उपयोगले प्रदान गर्ने सेवा क्षेत्रको विश्वमा नै जगजगी थियो।तर कम्प्युटरको व्यापक आगमनसँगै टाइपराइटर सेवा बिस्तारै लोप नै हुन थाल्यो भने आज यो मेसिन धनाढ्यको बैठकमा सजाएर राख्ने वस्तु हुन पुगेको छ। अति लोकप्रिय लेटरप्रेसलाई त्यसैगरी अफसेट प्रेसमथि विस्थापित गरिदियो।उतिबेला नेपालका नाम चलेका अधिकांश साप्ताहिक पत्रिकाका आआनै लेटरप्रेस हुन्थे। तर पछि अफसेट प्रेसको आगमन र यसरी सबैले अफसेट राख्न नसकेपछि छपाई तथा यसको तयारीको कम्प्युटर डिजाइन र लेआउटको काम गर्ने व्यवसायी भिन्दै हुन थाले।

विश्वमा खासगरी दोस्रो विश्वयुद्धपछि सूचना प्रविधिको विकास हुँदै गएर सन् १९८० को उत्तरार्धतिरदेखि कम्प्युटर, मोबाइल र इन्टरनेट तथा सूचनाका विविध प्रविधिले फड्को मार्दै गएपछि दैनिक जीवनका विभिन्न पक्ष, उद्यम, व्यापार र सेवा तथा सबै प्रकारका काम गर्ने तौरतरिका, मनोरञ्जन र खेल तथा शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत विशाल परिवर्तन आउन थाल्यो।यो सब परिवर्तनले गर्दा विश्वमा एक नयाँ आयामको सुरुआत हुनुका साथै पूरै विश्व ज्यादै सानो हुन पुग्यो। मेरा आलेखका आउँदा केही अंकमा हामी सूचना प्रविधिको कारण व्यापक प्रभाव परेका क्षेत्रहरूबारे घोत्लिने कोसिस गर्नेछौं। यो पटक हुलाक सेवाको पालो।सफ्टवेयर, डाटा वा समग्रमा सूचना प्रविधिका बौद्धिक उपजहरूलाई आन्तरिक वा विश्व बजारमा पठाउन वा ढुवानी गर्न सूचना प्रविधिबाटै सञ्चालन हुने विभिन्न प्रकारका इलेक्ट्रोनिक हुलाकी प्रणाली भए पुगिहाल्छ। निकासी गर्न न यातायातको झन्झट, न भन्सारकै टण्टा। त्यस्तै इमेलको विकासपछि हुलाक मार्फत चिठी आदानप्रदान गर्ने चलन बिस्तारै हराउँदै गयो भने आजको म्यासेन्जर, भाइबर, ह्वाट्सएप, विच्याट जस्ता दर्जनौँ इलेक्ट्रोनिक कुराकानीका माध्यमका कारण हुलाक मार्फत चिठी पठाउने कार्यको अन्त्य नै हुन पुग्यो।आजभन्दा केही दशक अघिसम्म पनि सबै ठूला कम्पनी र व्यावसायिक र महत्वपूर्ण व्यक्तिका आआना पोस्ट बक्स हुन्थे हुलाक कार्यालयमा। हुलाक कार्यालयले सहर तथा गाउँका विभिन्न ठाउँमा पत्रमञ्जुशाहरू राखेका हुन्थे।विकसित मुलुकहरूमा चुनावमा भोट हाल्दा पनि हुलाक मार्फत आफ्नो भोट पठाउन मिल्दथ्यो। नोकरीको निम्ति होस् या अन्य प्रयोजनको निम्ति चिठीपत्र आदानप्रदान गर्न हुलाककै मद्दत लिनुपर्दथ्यो। पोस्ट बक्सको साथै प्रत्येक घरको हुलाकी ठेगाना पनि हुन्थ्यो। हुलाक मार्फत चिठी मात्र नभई विभिन्न पत्रपत्रिका, सानातिना सामानको पार्सल र मनी अर्डरको रूपमा ससाना नगद रकम र चेकसमेत पनि हुलाकीले घरघरमा पुर्याइदिन्थे।हुलाक कार्यालयमा काम गर्ने र गाउँगाउँमा गएर चिठी पुर्याउने हुलाकीले निरक्षर व्यक्तिहरूको चिठी पढेर सुनाउने तथा चिठी लेखिदिने काम पनि गरिदिन्थे। उतिबेला हुलाकीको ठूलो इज्जत हुने गर्दथ्यो। टाढा रहेका आफ्ना मान्छेका चिठी कुरेर बस्नेहरू र चिठीको जवाफ लेखेर हुलाकमा गएर पोस्ट गर्नेहरूको संख्या पनि निकै हुन्थ्यो। चिठीहरू पठाउन पोस्टकार्ड, हवाईपत्र, साधारण पोस्ट तथा महत्वपूर्ण कागजातसहितको पत्र पठाउन रजिस्टर्ड मेल गर्ने चलन थियो। पर्यटकहरूले साधारणतया आफू घुम्न गएका ठाउँका चित्रसहितका पोस्ट कार्डमा थोरै कुरा लेखेर घरपरिवार, साथी र काम गर्ने ठाउँमा पठाउँथे भने अलिक विस्तृत कुरा लेख्नुपर्नेले हवाईपत्र वा साधारण पत्रमा लेखेर टिकट टाँसेर विभिन्न ठाउँमा राखिएका पत्रमञ्जुषामा खसाल्थे।

रजिस्टर गर्दा चिठीको तौल मुताबिक केही बढी रकम तिर्नुपर्दथ्यो। तर त्यसरी रजिस्टर गरेको चिठी सुरक्षित र उचित समयमा पत्रवाहकले पाउन्थ्यो। हुलाक मार्फत सामान पार्सल गरेर पठाउन र हुलाकमा नै परिआएको खण्डमा भन्सार वा कर तिरेर सामान छुटाउन पनि सकिन्थ्यो।हुलाकको महत्व र काम ज्यादै धेरै हुने भएकोले जुनसुकै मुलुकमा पनि हुलाकको ठूलो सञ्जाल हुने गर्दथ्यो। नेपालमा पनि राजधानी काठमाडौंको सुन्धारामा विशाल हुलाक कार्यालय थियो भने प्रत्येक जिल्ला तथा सहर र गाउँमा ठाउँ र कामको प्रकृतिअनुरूपका विभिन्न स्तरका हुलाक कार्यालयहरू हुने गर्दथे। हुलाक टिकटको प्रकाशन र यसको महत्व विश्वभर नै विशेष प्रकारको हुन्थ्यो। हुलाक टिकटको माध्यमबाट हुलाक सेवाको रकम बाँडफाँट गर्न अन्तर्राष्ट्रिय समझदारी नै भएको हुन्थ्यो। मुलुकको प्रतिष्ठासँग जोडिएको हुलाक टिकटमा महत्त्वपूर्ण ठाउँ, व्यक्ति, चाडपर्व, संस्कृति आदिका फोटाहरू सहित विभिन्न मूल्य अंकित गरी टिकट छापिन्थे।हुलाक टिकट संकलन गर्ने मानिसहरू लाखौंको संख्यामा हुन्थे। स्कुलका विद्यार्थीदेखि वयस्क र वृद्धहरू र समेत टिकट संकलनको चस्को लागेको हुन्थ्यो। संकलित टिकटलाई सुरक्षित राख्ने एल्बम तथा टाँस्ने हिन्जेजहरूको पनि ठूलो व्यापार हुने गर्दथ्यो।नयाँ हुलाक टिकट छापिएपछि मुलुकका उच्चपदस्थ अधिकारीले सो टिकट विमोचन गर्दथे र 'फर्स्ट डे कभर'को रूपमा प्रचारप्रसार र बिक्रीसमेत हुन्थ्यो। त्यस्ता प्रथम दिवसीय सीमित टिकटहरू संकलन गर्न पनि मानिसहरू निकै लालायित हुने गर्दथे।टिकट संकलनकर्ताहरूले टिकटबाटै विभिन्न मुलुक र त्यहाँका विशिष्ट व्यक्तित्व, धर्म, संस्कृति, जनावर, प्राकृतिक सौन्दर्यका दृश्य, प्रविधि र विकास कार्यका झल्को हेरेर थोरै भए पनि ज्ञान हासिल गर्न सक्दथे। हुलाक टिकट संकलकहरूले विभिन्न टिकट प्रदर्शनी र प्रतिस्पर्धामा आज पनि भाग लिने गर्दछन्। नेपालमा आजसम्म पनि हुलाक टिकटहरूको प्रकाशन हुने गर्दछ।इसापूर्व २४००-२००० तिर चीन, मिश्र तथा मेसोपोटामिया आदि मुलुकमा हुलाकीको रूपमा पैदल दौडेर टाढाटाढासम्म सरकारी र अन्य महत्वपूर्ण पत्र र सन्देश पुऱ्याउन जाने विशेष कर्मचारीहरू राख्ने परम्परा थियो।त्यतिबेला परेवा र अन्य पंक्षीमार्फत चिठी पठाउने चलन पनि थियो। इसापूर्व ५५०-३३० तिर रोमन र पर्सियन साम्राज्यमा घोडचढी हुलाकीहरूले चिठीपत्र पुऱ्याउने गर्न थाले। त्यस्ता घोडचढीहरूले निश्चित दूरी पार गरेर अर्का घोडचढी कर्मचारीलाई चिठीपत्रको पार्सल बुझाउँथे र एवं रितले ती पत्र तथा सन्देशहरू विभिन्न ठाउँका प्रापकहरूले प्राप्त गर्दथे।यस्तै प्रकारले इसापूर्व ५० तिर एसिया र युरोपका शासक तथा सरकारहरूले आफ्ना सन्देशहरूको आदानप्रदान अझ परिस्कृत तवरले गर्न थाले। १५औं शताब्दीमा भने फ्रान्स तथा बेलायतमा सार्वजनिक पत्रमञ्जुषाको सुरुआत भयो। यो प्रक्रिया परिष्कृत हुँदै १८औं शताब्दीमा बेलायतमा हुलाक टिकटको सुरुआत भएर विभिन्न ठाउँमा पठाइने भिन्ना भिन्नै वजनका हुलाक सामग्री र चिठीपत्रको निम्ति आवश्यक मूल्यको हुलाक टिकट अग्रिम खरिद गरेर पत्र र सामानको खामको बाहिर ठेगानासहित हुलाक टिकट टाँस्ने र हुलाक कार्यालयलाई बुझाउने प्रथाको सुरुआत भयो।यस्तो व्यवस्था सम्पूर्ण युरोप बलम अन्य मुलुकमा लोकप्रिय हुँदै गएपछि सर्वमान्य मूल्य र मान्यताको आधारमा विश्वव्यापी रूपमा हुलाक तथा यसको सञ्चालन प्रक्रियासम्बन्धी संस्था 'जेनेरल पोस्टल युनियन'को सन् १८७४ मा स्थापना भयो।विश्वमा यातायातको विकाससँगै हुलाक सेवा पनि पैदलबाट घोडचढी र त्यसबाट पनि परिष्कृत हुँदै बग्गी, रेल, पानीजहाज, मोटरगाडी र हवाइजहाजमार्फत सञ्चालन हुन थाल्यो। समयको प्रवाह र हुलाकको परिमाण बढ्दै जाने क्रमसँगै हुलाक सेवामा पनि धेरै विकास हुँदै गयो।पोस्ट बक्स, पोस्टल कोड, घर नम्बर तथा हुलाक कार्यालयहरूका कार्यविधिहरूमा सुधार, विभिन्न प्रकारका मेसिनरीहरूको विकास तथा प्रयोग आदि कुराले हुलाक सेवालाई निकै परिष्कृत तुल्याउँदै लगे।एक्काइसौँ शताब्दीको सुरुआतसँगै पुरातन हुलाक सेवाको साथै कागजी पत्रपत्रिका, टेलिभिजन, सिनेमा हल, क्याल्कुलेटर, क्यालेन्डर, पुस्तकालय आदि जस्ता यावत् कुराको महत्त्व घट्दै गयो।किनकि इमेल, इन्टरनेट, विभिन्न प्रकारका सन्देश आदानप्रदान गर्ने सफ्टवेयर र एप तथा विश्वको जुनसुकै कुनाबाट पनि तत्काल सही समय (रियल टाइम) मा अडियो र भिडियो कल गर्न सकिने आदि सुविधाले गर्दा चिठीपत्र पठाउने, चिठीको प्रतीक्षा गर्ने, चिठी पठाउन हुलाकमा जाने जस्ता सबै काम बिस्तारै बन्द हुँदै गए। विगतमा चिठीसँग सम्बन्धित धेरै रोमाञ्चक तथा प्रेमिल गीत, गजल र कविता, मुक्तक र कथाहरूको सिर्जना हुने गर्दथ्यो, तर अब त्यो सब एक इतिहास बनिसकेको छ। आजका नयाँ पिँढीलाई भौतिक वा कागजी प्रेमपत्रको आदानप्रदान, चिठीबाट टाढाका आफन्तको हालखबर बुझ्ने काम, निकै ढिलो गरी विभिन्न समाचारहरू प्राप्त हुने जस्ता कुरा सुन्दा निकै आश्चर्य लाग्ने गर्दछ।

हामीलाई हुलाकका चिठी पुऱ्याउन हाम्रो घरदैलोमा आउने कर्मचारीहरूलाई सम्झँदा अहिले पनि कति माया र स्नेह लागेर आउँछ, तर अबका पिँढीलाई त्यस्तो भावना सायदै जाग्छ होला, किनकि उनीहरूले त्यो कुराको अनुभव नै लिन पाएनन्।नेपालमा हुलाक सेवाको व्यवस्थित विकास हुन थालेको करिब १५० वर्ष जति भइसकेको छ। राणा प्रधानमन्त्री जङ्गबहादुरका भाइ रणोद्दीप सिंह नेपालका प्रधानमन्त्री छँदा 'नेपाल हुलाक घर'को स्थापना भएको हो।नेपालको एकीकरणको समयमा मुलुक फैलिँदै गएसँगै सेनापति तथा प्रशासकले राजधानीमा आफ्नो अधिनको क्षेत्रको हालखबर, समस्या र मद्दतको निम्ति चिठीपत्र पठाउँदा त्यस्ता दस्तावेज सम्बन्धित स्थानमा पुग्न र त्यहाँबाट जवाफ आउन निकै समय लाग्ने गर्दथ्यो। पैदल र घोडाको मद्दतले डाँडाकाँडा, वनजंगल र खोलाखोल्सा कट्दै गन्तव्यमा पुग्न त्यतिबेला निकै समय लाग्दथ्यो। त्यसैले पनि भर्खरै विजय प्राप्त गरेको सुदूर पश्चिमी राज्यको व्यवस्थापन र नालापानीको युद्धमा नेपाली सेनालाई आवश्यक पर्ने रसद, खर्च तथा मानव संसाधनको उपलब्धता ढिलो सूचना प्रवाहको कारण यथासमयमा हुन नसकेर पनि हामीले ठूलो पराजय भोगेको हुन सक्दछ।राणाशासनसम्म पनि छोटो दूरीमा कटुवालहरूले ढोल बजाएर सूचना आदानप्रदान गर्ने तथा सैनिकहरूले ढोल र विगुपमार्फत विशेष भेलामा आउने जनाउ दिने गर्दथे। राणाशासनको अन्तपछि नेपाल बाह्य जगतको निम्ति खुला हुन थाल्यो र नेपालमा प्रजातान्त्रिक परिपाटीको सुरुआत भयो। त्यसपछि आधुनिक हुलाक प्रणालीको विकास हुँदै गएको हो।सूचना प्रविधिको फड्को मार्दै गएपछि धेरै कुरामा ठूलो बदलाव आएको छ। कतिपय विकसित मुलुकहरूका हुलाक कार्यालयहरूले चिठीपत्र तथा साना पार्सललाई ड्रोनमार्फत घरघरमा उडाएरै पुऱ्याउने प्रचलन पनि बढिरहेको छ र यो प्रविधि र यस्तो सेवा प्रदान गर्दाको ड्रोन उययन ट्राफिक सुसञ्चालन प्रणालीमा पनि सुधार र विकास हुँदै गएको छ।केही वर्ष पहिलेको कोभिडको महामारीको समयदेखि वर्क फ्रम होमको प्रचलन पनि निकै बढेको छ। त्यस्तै घरघर तथा आफ्ना कार्यालयमा नै बसेर विश्वका धेरै ठाउँमा बस्ने मानिसहरूसँग कन्फरेन्स कल, छलफल र गोष्ठीसमेत अनलाइन सेवामार्फत नै गर्ने चलन पनि बढ्दो छ।यस्तो कार्यको निम्ति पनि सूचना प्रविधिको विकासले ठूलो योगदान गरेको छ। सरकारी तथा अन्य कार्यालयको काममा वर्क फ्रम होम र अनलाइन मिटिङको प्रचलन बढेपछि हुलाकको पुरातन कार्य र सेवामा कमी आएको छ। ***(बाँकी तीन पेजमा...)***

महत्वपूर्ण टेलिफोन

प्रहरी कार्यालय
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

अस्पताल कार्यालय
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपुर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

एम्बुलेन्स न.
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

दैनिक राशिफल

मेष : योजना अघि बढाउने समय र हनेछ। गल्ती सच्याउने अवसर मिल्नेछ।

वृष : अधुरा काम पूरा हुनेछ। खर्च गर्दा सन्तुलन कायम राख्नु राम्रो हुनेछ।

मिथुन : राम्रो परिणाम प्राप्त हुन सक्छ। नयाँ परिचय भविष्यमा काम लाग्नेछ।

कर्कट : आत्मविश्वास बढ्दै जानेछ। खानपिनमा लापरवाही नगर्नु राम्रो हुनेछ।

सिंह : परिवारबाट आवश्यक सहयोग मिल्नेछ। प्रशंसाले थप हौसला दिनेछ।

कन्या : कार्यस्थल मिलाउँदा मन हल्का हुनेछ। शरीरलाई आराम दिनु राम्रो हुनेछ।

तुला: सहयोग गर्दा सम्मान पनि बढ्नेछ। सानो यात्राको योजना बन्न सक्छ।

वृश्चिक : आर्थिक पक्षमा सुधार आउने छ। घरबाट राम्रो साथ पाइनेछ।

धनु : कार्यक्षेत्रमा जिम्मेवारी बढ्न सक्छ। प्रयासले राम्रो उपलब्धि मिल्नेछ।

मकर : क्षमताको प्रयोग गर्ने अवसर मिल्नेछ। बेलुकातिर मन शान्त रहनेछ।

कुम्भ : योजना बनाउने समय रहनेछ। अनावश्यक बहसबाट टाढा रहनुहोला।

मीन : अनुभवले नयाँ बाटो देखाउनेछ। आफूलाई चाहिएको वस्तु भेटिन सक्छ।

कृषि

दूधको भाउ बढाउन सरकारलाई चौतर्फी दबाब

ऋतु काफ्ले

काठमाडौं, गाईभैंसीको दाना, चोकर, औषधि लगायत पशुआहार र ढुवानी खर्च आकासिए पनि झन्डै चार वर्षदेखि सरकारी समर्थन मूल्य स्थिर रहेको भन्दै किसानले तत्काल दूधको भाउ बढाउन दबाब दिएका छन् ।राष्ट्रिय दुग्ध विकास बोर्डले विभिन्न प्रदेशमा स्थलगत अध्ययन गरी मूल्य बढाउनुपर्ने निष्कर्ष सहित प्रतिवेदन कृषि, वन तथा पर्यावरण मन्त्रालयमा बुझाइसकेको छ ।

दूधको भाउ बढाउने विषयमा सरोकारवालाबीच भने मूल्य कति र कुन आधारमा बढाउने भन्नेमा आ-आफ्नै तर्क र अडान देखिएका छन् ।केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेड नेपालले उपभोक्ताको क्रयशक्ति समेत हेरेर किसानले पाउने गरी प्रतिलिटर कम्तीमा १० रुपैयाँ थप हुनुपर्ने माग राखेको छ । चार वर्षदेखि अडिकयो आधारभूत भाउ, चुलिंदो उत्पादन लागत

सहरबजारमा उपभोक्ताले प्रशोधित दूध किन्दा प्रतिलिटर १ सय २० रुपैयाँभन्दा बढी मूल्य तिरिरहनु परे पनि कच्चा दूध बेच्ने किसानले पाउने आधारभूत भाउ भने झन्डै चार वर्षदेखि बढ्न सकेको छैन ।सरकारले २०७९ फागुन तेस्रो साता ४ युनिट् याट (चिल्लो) र ८ प्रतिशत एसएनएफ (ठोस पदार्थ) मापदण्ड तोक्दै कच्चा दूधको न्यूनतम समर्थन मूल्य प्रतिलिटर ६५ रुपैयाँ लागु गरेको थियो ।त्यसयता सरकारी स्तरबाट आधारभूत दरमा कुनै फेरबदल भएको छैन । सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) ले असारदेखि किसानलाई दिने दरमा लिटरको १ रुपैयाँ थप्दै ६६ रुपैयाँ पुऱ्याए पनि समग्र पशुपालन लागतको तुलनामा त्यो नगण्य रहेको किसानको गुनासो छ ।उत्पादन सामग्रीको भाउ निरन्तर उकालो लाग्दा ६५-६६ रुपैयाँको दरले लागत समेत नउठ्ने भएपछि किसान र जिल्लास्थित दुग्ध सहकारी संघहरूले मूल्य समायोजनका लागि सरकारको ध्यानाकर्षण गराउँदै आएका छन् ।

'उपभोक्ता हेरेर किसानलाई १० रुपैयाँ थपिनुपर्छ'

नियमानुसार हरेक दुई-दुई वर्षमा समायोजन हुनुपर्ने दूधको मूल्य ४ वर्षसम्म नबढेको भन्दै केन्द्रीय दुग्ध सहकारी संघ लिमिटेडले किसानलाई प्रत्यक्ष राहत पुग्ने गरी प्रतिलिटर कम्तीमा १० रुपैयाँ वृद्धि हुनुपर्ने माग अघि सारेको छ ।संघ महासचिव राम आचार्यका अनुसार अहिलेको महँगीमा १० रुपैयाँ थप्दा पनि किसानको वास्तविक उत्पादन लागत पूरै उठ्दैन । तर, आम उपभोक्तालाई समेत थप आर्थिक भार नपरोस् भन्ने उद्देश्यले कम्तीमा १० रुपैयाँ, सके त्यसमा २-३ रुपैयाँ बढी किसानले पाउने गरी मूल्य तोक्न सरकारसमक्ष प्रस्ताव गरिएको उनले बताए ।'हरेक दुई वर्षमा बढ्नुपर्ने दूधको भाउ चार वर्ष हुँदा पनि बढेको छैन,' आचार्यले अनलाइनखबरसँग भने, 'किसानलाई लागत अनुसार मूल्य दिन त १० रुपैयाँले पनि पुग्दैन, तर हामीले उपभोक्तालाई समेत ध्यान दिनुपर्ने भएकाले कम्तीमा प्रतिलिटर १० रुपैयाँ किसानले पाउनुपर्छ भनेर स्पष्ट भनेका छौं ।' केही दिनअघि कृषिमन्त्री गीता चौधरी र सचिव राजेन्द्र प्रसाद मिश्रसँग गरिएको छलफलमा मन्त्रालयबाट टिप्पणी उठाएर सदर गरी केही दिनभित्र मन्त्रिपरिषद्बाट मूल्य बढाउने आश्वासन पाइएको आचार्यले जानकारी दिए ।'मन्त्रीज्यू र सचिवज्यूले केही दिनमै दूधको मूल्य बढ्छ, तपाईंहरू आन्दोलन गर्नुपर्दैन, दुक्क हुनुस् भन्नुभएको छ,' उनले भने, 'मन्त्रालयबाट



टिप्पणी उठाएर सदर गरी मन्त्रिपरिषद् लगेर पास गराउँछु भन्ने प्रतिबद्धता जनाउनुभएको छ ।'

'उद्योगीको लागत १४ रुपैयाँ, भारतको दरसँग तादात्म्य जरुरी'

निजी डेरी उद्योगीहरूले पनि लामो समयसम्म दूधको मूल्य नबढ्दा किसान र उद्योगी दुवै संकटमा परेको बताएका छन् । नेपाल डेरी एसोसिएसन अध्यक्ष प्रह्लाद दाहालले सरोकारवालासँगको अध्ययनबाट दूधको मूल्य बढ्नुपर्छ भन्ने सामूहिक निष्कर्ष निस्किए पनि कति र कहिले देखि बढ्ने भन्ने टुंगो लागिनसकेको बताए ।'लामो समय भइसक्यो, अरू सबै कुराको मूल्य बढिरहँदा दूधको मात्र नबढ्दा डेरी कसरी चल्ने, किसान कसरी चल्ने ?,' दाहालले भने, 'सबै सरोकारवालासँग अध्ययन गरेर दूधको मूल्य बढ्नुपर्छ भन्ने सामूहिक निष्कर्ष निस्किएको छ, कृषि मन्त्रालयमा हाम्रो कुराकानी भइरहेको छ, तर ठ्याक्कै कति बढ्ने र कहिले तोकिने भन्ने जानकारी चाहिँ आइसकेको छैन ।'अध्ययन क्रममा उद्योगीको खर्च लागत प्रतिलिटर १४ रुपैयाँ निस्किएको र किसानको लागत पनि सोही हाराहारी आएको दाहालले जानकारी दिए ।तर, मूल्य तोक्दा छिमेकी भारतको बजार दरसँग तुलना गरेर सन्तुलन मिलाउनुपर्ने उनको भनाइ छ । भारत र नेपालको मूल्य नमिले दुवैतिरबाट बजार बिग्रिने जोखिम उनले औंल्याए ।'उद्योगीको खर्च लागत १४ रुपैयाँ छ र किसानको पनि त्यही हाराहारीमा निस्किएको छ,' अध्यक्ष दाहालले भने, 'तर, भारतको दरसँग पनि दाँज्नुपर्छ, नत्र यताको दूध सस्तो हुँदा उता जान्छ र यहाँ झन् नपुग्ने समस्या हुन्छ, उताको दूध सस्तो हुँदा उताबाट यता आउँछ र यहाँ मिल्क होलिडे बढ्ने झन् ठूलो समस्या आउँछ ।'बजारमा एकमुष्ट मूल्य बढेपछि विद्यमान मापदण्ड अनुसार किसान र उद्योगीको हिस्सा छुट्टिने उनले बताए ।अध्यक्ष दाहालका अनुसार मुलुकभरि दैनिक करिब ७६ लाख लिटर दूध उत्पादन हुने गरेकामा औसत ३६ लाख लिटर व्यावसायिक संकलनमा आउने गरेको छ ।पछिल्लो समय त्यसमा दैनिक २ देखि ३ लाख लिटर जति कमी आएको अनुमान छ । संकलित दूधमध्ये ४० प्रतिशत हिस्सा डीडीसी र सहकारीको तथा बाँकी ६० प्रतिशत निजी डेरी उद्योगको रहेको उनले बताए ।

चार प्रदेशको स्थलगत अध्ययनपछि बोर्डको निचोड

मूल्य समायोजनको विषयलाई लिएर राष्ट्रिय दुग्ध विकास बोर्डले स्थलगत अध्ययनपछि मूल्य बढाउनुपर्ने प्रमाण सहित प्रतिवेदन मन्त्रालयमा बुझाइसकेको छ ।बोर्डका निमित्त कार्यकारी निर्देशक बालक चौधरीले राजधानीमा टेबुलमै बसेर मूल्य बढ्छ भन्दा कसैले विश्वास नगर्ने भएकाले आफूहरू 'अन द स्पट' नै गाउँघर र जिल्लामा पुगेको बताए ।'टेबुलमा बसेर दूधको मूल्य बढ्छ भनेपछि त कसैले विश्वास गर्दैन,' चौधरीले भने, 'दूधको भाउ बढाउन सरकारलाई चौतर्फी दबाबत्यसै कारणले हामी छोटो समयमा मुख्य-मुख्य ठाउँको गाउँघर र जिल्लाहरूमा स्थलगत रूपमै गएर भेटघाट गऱ्यौं, कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका केही भागमा स्थलगत रूपमै गयौं र बाँकी ठाउँबाट भर्चुअल माध्यमबाट सूचना लियौं ।'अध्ययन क्रममा ठाउँ अनुसार दाना लगायत सहायक सामग्रीको भाउ फरक-फरक रहेकाले प्रतिशतका आधारमा एउटै अंक तोक्न कठिन भए पनि लागत बढेकोमा दुई मत नरहेको उनले बताए ।'ठाउँ अनुसार फरक-फरक हुने भएकाले अन्य चिज यति प्रतिशतले नै बढेको छ भनेर संख्यात्मक रूपमा भन्न गाह्रो छ, तर मूल्य बढेको छ भन्नेमा दुई मतको कुरै छैन,' उनले भने, 'सरोकारवालासँग सरसल्लाह गर्दा सबैले दूधको मूल्य बढाउनुपर्छ नै भन्नुभएको छ र त्यसका थुप्रै प्रमाण संकलन भएका छन् ।'बोर्डले सरोकारवालाको आवाज र प्रतिवेदन मन्त्रालयमा बुझाइसकेको अब कति बढाउने भन्ने निर्णय सरोकारवाला निकायको सहभागितामा मन्त्रालयले नै गर्ने चौधरीले बताए ।'हाम्रातर्फबाट दूधको मूल्य बढ्नुपर्दछ भन्ने सरोकारवालाको आवाज मन्त्रालयमा बुझाइसक्यौं,' उनले थपे, 'कति बढाउँदा ठिक हुन्छ भन्ने निर्णय सरोकारवाला निकायसँगको सहभागितात्मक हिसाबले मन्त्रालयले नै गर्ला ।'सरकारी आँकडा हेर्दा मुलुकमा वार्षिक दूध उत्पादन क्रमशः विस्तार हुँदै गएको देखिन्छ । बोर्डको वार्षिक उत्पादन तथ्यांक अनुसार आर्थिक वर्ष २०७९/८० मा करिब २ अर्ब ५३ करोड ७८ लाख ६४ हजार लिटर दूध उत्पादन भएको देखिन्छ ।आव २०८०/८१ मा त्यो परिमाण बढेर करिब २ अर्ब ६० करोड ५८ लाख २४ हजार लिटर पुगेको थियो । २०८१/८२ मा कुल उत्पादन करिब २ अर्ब ६३ करोड ९० लाख ७ हजार लिटर पुगेको देखिन्छ ।तीन वर्ष अवधिमा देशभरि करिब १० करोड ११ लाख ४३ हजार लिटर थप दूध उत्पादन भएको छ ।दूध उत्पादनमा आत्मनिर्भरता बढाउन सरकारले 'राष्ट्रिय दुग्ध विकास नीति २०७८' कार्यान्वयनमा ल्याएको छ । उक्त नीति अन्तर्गत गाईभैंसीको नश्ल सुधार तथा कृत्रिम गर्भाधान विस्तार, पोषिलो पशुआहार प्रबन्ध, सहुलियत कर्जा, अनुदान प्रवाह र दूध संकलन तथा चिस्यान सम्बन्धी पूर्वाधार निर्माणलाई प्राथमिकता दिइएको छ ।

मन्त्रिपरिषद् लैजाने मन्त्रालयको गृहकार्य बोर्डको प्रतिवेदन र सरोकारवालाको माग प्राप्त भएपछि कृषि, वन तथा पर्यावरण मन्त्रालयले दूधको मूल्य समायोजन सम्बन्धी प्रस्ताव तयार पार्ने काम गरिरहेको बताएको छ ।मन्त्रालयका सूचना अधिकारी डा. मणिरत्न अर्यालले सम्बन्धित महाशाखामा यस विषयमा आन्तरिक छलफल भइरहेको र मन्त्रिपरिषद् पठाउने तयारी गरिएको बताए ।'मन्त्रालयका तर्फबाट अहिले छलफलमा छ र तयारी हुँदैछ,' उनले भने, 'प्रस्ताव बनाउने, विषय मिलाउने र मन्त्रिपरिषद् पठाउने गृहकार्य भइरहेको छ ।'मन्त्रालयले प्रस्तावलाई अन्तिम रूप दिएर मन्त्रिपरिषद् पठाउने तयारी गरिरहँदा यता लामो समयदेखि स्थिर रहेको दूधको भाउ छिट्टै समायोजन हुने अपेक्षा किसान र डेरी उद्योगीहरूले गरेका छन् ।

बाँकेमा अझै सुरु भएन धान खरिद प्रक्रिया



बाँके, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बाँकेमा धान खरिद प्रक्रिया अझै सुरु गर्न सकेको छैन । कम्पनीको केन्द्रीय कार्यालयले गत वर्षको तुलनामा आधा मात्र धान खरिद गर्ने कोटा निर्धारण गरेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, नेपालगञ्ज परिसरसमेत सुनसान बनेको छ ।यस वर्षका लागि २० हजार क्विन्टल धान खरिदको कोटा माग गरी पठाइएकामा माग गरेभन्दा आधा अर्थात् १० हजार क्विन्टल मात्रै कोटा निर्धारण भएर आएकाले हालसम्म धान खरिद प्रक्रिया सुरु गर्न नसकिएको कम्पनीको नेपालगञ्ज कार्यालयका प्रमुख रामशरण लामिछानेले जानकारी दिए ।उनका अनुसार, अहिले तोकिएको कोटाले बाँकेका किसानसँग धान खरिद व्यवस्थापन गर्न कठिन भएको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वको प्राथमिक खरिद समितिले २० हजार क्विन्टल धान खरिदका लागि माग गरेर पुनः कम्पनीको केन्द्रीय कार्यालयमा पत्राचार गरिएको छ । कोटा बढेर आएमा खरिद प्रक्रिया सुरु गरिने उनले बताए ।"कोटा बढाउन केन्द्रीय कार्यालयमा पत्राचार गरिए पनि हालसम्म कुनै जानकारी आएको छैन", कार्यालय प्रमुख लामिछानेले भने, "कोटा थप हुने सम्भावना टर्दै गएको छ, धान बिक्री गर्ने किसान धेरै भएकाले १० हजार क्विन्टल खरिद प्रक्रिया सुरु गर्न नसकिएको हो ।"गत वर्ष २० हजार क्विन्टल धान खरिदको कोटा तोकिएकामा नेपालगञ्जस्थित मुख्य कार्यालयले कोटाअनुसार नै धान खरिद गरेको थियो । पछिल्ला केही वर्ष लगातार धान खरिदको कोटा घटिरहेको छ । गत आर्थिक वर्ष २०८२/८३ मा पनि अधिल्लो आर्थिक वर्षको भन्दा आधामात्रै कोटा तोकिएको थियो ।गत वर्ष १५ हजार क्विन्टल मोटा धान र पाँच हजार क्विन्टल मध्यम धान खरिदको कोटा तोकिएको थियो । अधिल्लो आर्थिक वर्ष २०८१/८२ मा ४० हजार क्विन्टल धान खरिदको लक्ष्य तोकिएकामा नेपालगन्ज कार्यालयले ३२ हजार क्विन्टल मात्रै धान खरिद गर्न सकेको थियो ।धान खरिद प्रक्रियामा हुने ढिलाइ र कोटाको कमीका कारण किसानले सरकारी समर्थन मूल्यभन्दा कममा व्यापारीलाई धान बेच्न बाध्य भएका छन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यस वर्ष मोटा धानको मूल्य प्रतिक्विन्टल रु तीन हजार ६६० र मध्यमको रु तीन हजार ८६० निर्धारण गरेको छ । तर, व्यापारीले कम्पनीले निर्धारण गरेको मूल्यभन्दा रु एक हजारदेखि रु पाँच सयसम्म सस्तो दरमा धान खरिद गरिरहेको नेपालगञ्ज-१९ सुईयागाउँका किसान ध्रुव थापाले बताए ।"यस वर्ष धान राम्रै फलेको छ, खाद्यले खरिद गर्ने समयसम्म भण्डारण गरेर राख्ने ठाउँ छैन", उनले भने, "चाडपर्व खर्च जुटाउन गाह्रो भएकाले पनि यतिबेला किसानले व्यापारीलाई सस्तैमा धान बेच्नु परेको छ ।"खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले महंगो दरमा धान खरिद गर्ने भए पनि ढिला गरी खरिद गर्ने र खरिद प्रक्रिया झन्झटिलो रहेका कारण किसानले रु पाँच सयदेखि रु एक हजार प्रतिक्विन्टल कम मूल्यमा व्यापारीलाई सस्तो दरमा धान बेच्ने गरेको थापाले बताए ।लामो समयदेखि खाद्यलाई धान बिक्री गर्दै आएका किसान यस वर्ष धान खरिदको प्रक्रिया सुरु नहुँदा अन्यौलमा रहेका राप्ती सोनारी गाउँपालिका-७ का वडाध्यक्ष रामलखन थारूले बताए । खेतबाट धान स्याहारीसकेका किसान बिक्रीका लागि प्रतीक्षामा रहेको उनले जानकारी दिए ।"घरभरी धानले भरिएको छ, थन्क्याउने ठाउँ छैन, खाद्यले अलिसम्म खरिद प्रक्रिया सुरु गरेको छैन", थारूले भने, "व्यापारीलाई नदिएर खाद्यलाई दिन पर्खिएका किसान अहिले अप्ठ्यारोमा पर्दै गएका छन् ।"-*रासस*

हुलाक सेवाको ...

...यस्तो किसिमको अवस्था आइपरेपछि अब हुलाकको उपादेयता के त भन्ने सवाल उठ्न सक्दछ। हाम्रो जस्तो मुलुकमा आज पनि हुलाक कार्यालय विभिन्न दस्तावेज, कागजात, लिखित सन्देश तथा सरकारी सरसामान मुलुकका विभिन्न ठाउँ र घरघरमा पुऱ्याउने एक अति महत्वपूर्ण सेवाग्राही निकाय हो। पहिलेको दाँजोमा चिठीपत्रको ओसारपसारमा भारी गिरावट आएको भए पनि यो निकायले अन्य धेरै प्रकारका सेवाहरू प्रदान गर्दछ। व्यक्तिगत राहदानी, सवारीचालक अनुमतिपत्र तथा अन्य महत्वपूर्ण कागजात र सरकारी स्रेस्ता तथा शैक्षिक प्रमाणपत्र आदि तयार भएपछि मुलुकका विभिन्न ठाउँमा अवस्थित सरकारी कार्यालय र घरघरमा सुरक्षित तवरले पुर्याउने काम पनि हुलाक सेवाले गर्दछ। विकसित मुलुकहरूमा हुलाक कार्यालयले गाउँसहरका विभिन्न भागमा आना ससाना लकर कक्ष राखेका हुन्छन्। हामीले विभिन्न अनलाइन सेवामार्फत मगाएका सामान हाम्रो ठेगानाको नजिकका त्यस्ता लकरमा जम्मा गरिन्छन् र ग्राहकले मोबाइलमा सो बारेको सन्देश प्राप्त गर्दछन्। सो सन्देश प्राप्त भएको जनाउ ग्राहकले अनलाइनमार्फतै दिएपछि हुलाकले अर्को सन्देश पठाएर सो लकरलाई खोल्ने कोड नम्बर ग्राहकलाई पठाइदिन्छ। यसरी ग्राहकले मगाएका सानातिना सामान हुलाकका त्यस्ता आउटलेटबाट कुनै कर्मचारीबिनै सहजै प्राप्त गर्न सक्दछन्।नयाँ तथा चलिरहेका हुलाक टिकटको प्रचलन बलम बिक्री कार्यदेखि अन्तर्राष्ट्रिय हुलाक सञ्जालसँग सहकार्य तथा संयोजन गर्ने र विश्वका विभिन्न ठाउँमा पठाइएको डाँक कहाँ पुग्यो भनेर ट्र्याकिङ गरेर पत्ता लगाउने काम पनि हुलाक सेवा विभागकै हो।त्यति मात्र होइन, निर्वाचनसम्बन्धी कागजात बलम मतपत्रको ढुवानी, विभिन्न मन्त्रालयका सार्वजनिक महत्वका फारमहरूको वितरण तथा संकलन र कतिपय सरकारी सेवाहरूको नवीकरणसमेत हुलाक कार्यालयमार्फत गर्ने गरिन्छ।चिठीपत्रको हकमा हिजोआज नेपालको हुलाक कार्यालयमा अधिकतर चिठीपत्रहरू विभिन्न बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना ग्राहकहरूलाई जारी गरेको ऋण असुली सम्बन्धी पत्र, खाता सञ्चालन र डिजिटल बैंकिङ र डेबिट-क्रेडिट कार्ड सम्बन्धी पत्र र गोप्य ओटिपी तथा पासकोड आदि बारेका चिठीहरू हुने गरेका छन्।ग्राहकहरूको ठेगाना नमिलेर चिठी घरमा पुर्याउन नसकेको वा सम्पर्क गर्न नसकेको अवस्थामा हुलाकले आफ्नो फेसबुक खातामा सूचना जारी गरेर त्यस्ता ग्राहकलाई ठेगाना पठाउन वा कार्यालयमा सम्पर्क राख्न पनि अनुरोध गर्ने गर्दछन्।नेपालगायत कतिपय मुलुकहरूमा लघुवित्त बैंकिङ सेवा समेत हुलाक कार्यालयहरूले उपलब्ध गराउँदै आएका छन्। त्यस्तै विभिन्न उद्योगधन्दा, व्यवसाय, बैंक तथा वित्तीय संस्थाहरूले बेलाबेलामा हुलाकको राष्ट्रव्यापी सञ्जाल र सेवाको उपयोग गरेर आफ्ना ग्राहकहरूलाई विभिन्न सेवा र दस्तावेज उपलब्ध गराउन सक्दछन्। कतिपय मुलुकका विकट स्थानमा रहेका हुलाकका कार्यालयहरूले इमेल र इन्टरनेट सेवा, कम्प्युटरसँग सम्बन्धित सूचना प्रशोधन कार्यहरू, फोटोकपी, स्क्यान, ल्यामिनेसन बलम छपाईको काम तथा यस्ता कुराको तालिम दिने काम पनि गर्दछन्।नेपालको ७७ मध्ये ७० जिल्लामा रहेका जिल्ला हुलाक कार्यालयहरू र ६७६ स्थानीय स्तरका हुलाक कार्यालयले माथि उल्लेखित नयाँ स्वरूपका अधिकांश सेवाहरू प्रदान गर्दै आएका छन्। सार्वजनिक सेवालाई विशेष ग्राह्यतामा राखेको नेपालको हुलाक सेवा विभागले विभिन्न सरकारी निकायका कागजात र दस्तावेज तथा सरसामान सम्बन्धित जिल्लामा पुऱ्याउने काममा तल्लीन भइरहेको छ भने डिजिटल ट्र्याकिङ प्रणालीमार्फत चिठी तथा पार्सलको अवस्थिति बारे पनि जानकारी लिने गरेको छ।आज विश्वमा प्रचलित हुलाकसम्बन्धी अत्याधुनिक प्रविधिहरूको उपभोग गरेर नेपालका ५० भन्दा बढी जिल्लाका हुलाक सेवा कार्यालयहरूलाई विशिष्टीकृत प्रविधिमैत्री सेवा प्रवाह गर्ने स्थलको रूपमा विकास गर्ने काम पनि भइरहेको छ।हुलाक कार्यालयमार्फत वित्तीय सेवाको प्रवाह गर्ने कामदेखि स्वास्थ्य र शिक्षा क्षेत्रका संस्थाहरूसँगको सहकार्यमा औषधि तथा उपकरण र पुस्तक तथा मसलन्दको देशव्यापी वितरणमा हुलाक कार्यालयलाई सक्रिय बनाउने कामको थालनी पनि भइरहेको छ।प्रविधिको फड्कोसँगै पुरातन हुन पुगेको हुलाक सेवामा भएको ठूलो लगानी र समाजमा अहिले पनि विद्यमान यसको ठूलो महत्व र प्रचुर सम्भावनालाई मध्यनजर गर्दै नेपालगायत विश्वभरमा नै हुलाकलाई नयाँ प्रकारका कामहरू दिँदै नवीनतम प्रविधिबाट चल्ने बनाइएकोले हुलाक सेवाको अस्तित्व अझै कायमै छ र यो नभइ नहुने सेवाको रूपमा जीवन्त रहिरहने छ।- ***डिली नेपाल***

(लेखक विकास वर्णशाली, एकल व्यक्तित्व समाज बलम समसामयिक गायक समाजका अध्यक्ष हुन्।)

प्रदेशस्तरीय हाजिरीजवाफमा जनता माबि पाल्पा प्रथम



पाल्पा, मंसिर १२ /न्यू होराइजन उच्च माध्यमिक विद्यालय बुटवलको आयोजनामा तानसेनमा सञ्चालित लुम्बिनी प्रदेशस्तरीय हाजिरीजवाफ प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा पाल्पा, गुल्मी र अर्घाखाँचीका ४० विद्यालयको सहभागिता रहेको थियो ।

प्रतियोगितामा पाल्पाको जनता माध्यमिक विद्यालय प्रथम, देवबाणी माध्यमिक विद्यालय पाल्पा द्वितीय र गुल्मीको रेम्बो बोर्डिङ स्कुल तृतीय भएका छन् । प्रतियोगितामा प्रथम र द्वितीय स्थान हासिल गर्ने विद्यालयका विद्यार्थीले आगामी मंसिर १९ गते हुने अन्तिम चरणको प्रतियोगितामा सहभागिता जनाउने न्यू होराइजन उच्च माध्यमिक विद्यालय पाल्पाका राजेन्द्र लिगलले जानकारी दिए। प्रतियोगिताको प्रमुख अतिथि लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वीरबहादुर रानाले एक औपचारिक कार्यक्रमकाबिच उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै सांसद रानाले प्रदेशस्तरमा शैक्षिक प्रतिस्पर्धा गराउने उद्देश्यले आयोजित कार्यक्रम प्रशंसनीय रहेको बताए । उनले यस्ता प्रतियोगिताले विद्यार्थीको पाठ्यज्ञानसँगै अतिरिक्त ज्ञान, बौद्धिक क्षमता र प्रतिस्पर्धात्मक भावनाको विकासमा सहयोग पुग्ने उल्लेख गर्दै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गरे ।

कार्यक्रममा विशिष्ट अतिथि तानसेन नगरपालिका-७ का वडाध्यक्ष प्रदीप खनालले विजयी प्रतियोगीलाई बधाई तथा आगामी चरणका लागि शुभकामना दिए । न्यू होराइजन बोर्डिङ स्कुल पाल्पाका प्रिन्सिपल डाँसुराम पन्तको अध्यक्षता, कार्यक्रम संयोजक प्रकाश बस्यालको स्वागत, गणेश भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

विज्ञापन दररेट परिवर्तन भएको सूचना

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८३ श्रावण १ गतेदेखि लागु हुनेगरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु. ४००/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ३००/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ३५०/

सरकारी तर्फ

विवरण	साईज	स्यामश्वेत पत्रिका दररेट
प्रथम पृष्ठ	प्रति सि.सि.	रु.५५०/-
भित्रि पृष्ठ	प्रति सि.सि.	रु. ४५०/-
अन्तिम पृष्ठ	प्रति सि.सि.	रु. ५००/-

डिस्प्ले		अन्य	
डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट	ठूलो डिस्प्ले	स्यामश्वेत पत्रिका दररेट
प्रति बक्स	रु. २००/- (१५५ सि.सि.)	प्रति बक्स	रु. १५००/- (२५१० सि.सि.)
राहदानी	रु. ८००/-	प्वाइन्टर	रु. १०००/-

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

कैलाशनगर मिडिया प्रा.लि.

ता.न.पा.-३, भगवतीटोल, पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

खेलकुद समाचार

विश्वकपका लागि नेपालको १५ सदस्यीय टोली



काठमाडौं, मंसिर १२/ आईसीसी पुरुष क्रिकेट विश्वकप छनोट प्लेअफका लागि नेपालले १५ सदस्यीय टोली घोषणा गरेको छ ।नेपाल क्रिकेट संघ (क्यान)ले शनिबार कप्तान सन्दीप लामिछानेको नेतृत्वमा टोली सार्वजनिक गरेको हो ।

टोलीमा आसिफ शेख, अर्जुन कुमाल, इशान पाण्डे, देव खनाल, कुशल भुर्तेल, राशिद खान, रोहित पौडेल, दीपेन्द्रसिंह ऐरी, गुलशन झा, बसिर अहमद, करण केसी, नन्दन यादव, ललितनारायण राजवंशी र अभिशेष गौतम छन् ।

राइजिङ स्टार्स एसिया कपमा पाकिस्तान ए विरुद्ध खेलेर लिस्ट ए डेब्यू गरेका अभिशेष पहिलोपटक ओडीआई खेल्ने लाइनमा हुनेछन् ।प्लेअफ खेल्न युगान्डा र इटालीको टोली नेपाल आइसकेका छन् भने नामिबियाको टोली पनि नेपालका लागि प्रस्थान गरिसकेको छ । जर्सीको टोली पनि चाँडै नेपाल आउने तयारीमा छ । डिसेम्बर ४ देखि २१ सम्म सञ्चालन हुने छनोट प्लेअफमा नेपालसहित आठ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

वर्गिकृत डिस्प्ले

१X५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

यामाहाले ल्यायो एक्सएसआर १५५ को ग्रिन भेरियन्ट



पाल्पा, मंसिर १२/ एमएडब्लू राइड्सले यामाहा एक्सएसआर १५५ को नयाँ खरानी-हरियो मेटालिक कलर भेरियन्ट ल्याएको छ। नेपाल र जापानबीचको कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्ष पूरा भएको अवसरमा यामाहाले उक्त भेरियन्ट ल्याएको हो।

भेरियन्टको मूल्य ५ लाख ६४ हजार ९०० निर्धारण गरिएको छ, जुन यसअघि उपलब्ध ब्ल्याक भेरियन्टकै मूल्य हो। यससँगै यामाहा एक्सएसआर१५५ अब खरानी-हरियो मेटालिक, कालो, नीलो, रातो र खरानी गरी पाँचवटा रङमा उपलब्ध हुनेछ। जापानी इन्जिनियरिङ उत्कृष्टताको लामो इतिहास बोकेको यामाहाले पनि यी साझा मूल्यलाई प्रतिनिधित्व गर्ने कम्पनीको भनाइ छ। एमएडब्लू ग्रुपका अध्यक्ष विष्णुकुमार अग्रवालले नेपाल र जापानबीचको ७० वर्ष लामो मित्रता तथा सहकार्यको महत्वपूर्ण भूमिका रहेको बताए। विशिष्ट रेट्रो डिजाइन र आधुनिक इन्जिनियरिङको संयोजन रहेको यो बाइकले क्लासिक डिजाइनको आकर्षणलाई आधुनिक कार्यसम्पादनसँग जोडेको छ। यसमा भीभीए-इन्जिन, डेल्टा बक्स फ्रेम, ६-स्पिड ट्रान्समिसनलगायत विशेषता रहेका छन्। नेपालमा यामाहा मोटरसाइकलको आधिकारिक वितरक एमएडब्लू राइड्स प्रालि हो।

मनको आवाज.....

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ५४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६८, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय कैलाशनगर ५,तानसेन,पाल्पा,फोन ०७५ ५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.ह.द.नं. ५/२०७८/०७८, पा.जि.प्र.का.द.नं. १८/०७१/०७२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई